प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : १५५ ॥ २०८१ असार ३१ गते सोमबार (15th Jul 2024 Monday) Pratidin National Daily मूल्य-रु.५/-

## भानु साहित्यिक पुरस्कार प्राध्यापक गुरुङलाई

• लक्ष्मी उप्रेती

मेचीनगर । यस वर्षको भानु साहित्यिक राष्ट्रिय पुरस्कार संस्कृतिविद, नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व उपकुलपति प्रा.डा.जगमान गुरुङलाई प्रदान गरिएको छ । २११




औँ भानु जयन्तीको अवसरमा मेचीनगरमा शनिवार आयोजित एक कार्यक्रममा गुरुङलाई नगद एक लाख एक हजार रुपैयाँ र सम्मानपत्र प्रदान गरियो । कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेश सरकारका खानेपानी, सिँचाई तथा ऊर्जा मन्त्री एकराज कार्की र विशिष्ट अतिथि मेचीनगर नगरपालिका उपप्रमुख मीना पोखरेल उप्रेतीले संयुक्तरुपमा पुरस्कार प्रदान गरेका थिए ।
काँकरभिट्टा बहुमुखी क्याम्पसको सभाहलमा भानु साहित्यिक प्रतिष्ठान मेचीनगरले आयोजना गरेको कार्यक्रममा सम्मानित व्यक्तित्व गुरुङले राजनीतिले हरेक क्षेत्रलाई फुटाउने गरेकोमा भाषा, कला, साहित्य र संस्कृतिले त्यसलाई जोड्ने गरेको बताए । राजनीति गर्ने हरेक व्यक्तिहरुलाई भाषा, कला, साहित्य र संस्कृतिलाई आत्मसात गरेर अघि बढ्न सुझाव दिए । 'राजनीतिले हरेकलाई विखण्डित गर्छ', गुरुङले भने,'साहित्यले राजनीतिलाई जोड्छ । धर्म र संस्कृतिलाई मानेर राजनीति गरे सफल हुन्छ ।' सम्मानित व्यक्तित्वका बारेमा अग्रज सञ्चारकर्मी चन्द्र भण्डारीले प्रकाश पारेका थिए ।

# सत्ता लोभी माओवादीलाई जातीय मोर्चाको लोप्पा

झापा(प्रस)।सत्ता लोलुपताका कारण जनाधार गुमाउँदै गएको माओवादी पार्टीका लागि अब जातीय राजनीति असंभव भएको छ । सडकसँगै सत्ताबाट समेत हात धुनु परेको नेकपा माओवादी केन्द्रले जातीय मोर्चालाई व्युँताउन गरेको प्रयास महँगो सावित हुने भएको हो । झापामा माओवादी पार्टीले कोचिला राष्ट्रिय मुक्ति मोर्चा , लिम्बुवान राष्ट्रिय मुक्ति मोर्चाजस्ता जातीय मोर्चालाई व्युँताउने प्रयास गरेको देखिएको छ ।




तर , ती जातीय मोर्चाहरु नपत्याउने अवस्थामा पुगेका छन् । जातीय मोर्चालाई फकाउन पार्टी केन्द्रीय उप-महासचिव तथा प्रदेश इन्चार्ज हरिबोल गजुरेललाई जिम्मेवारी दिइएको छ । गजुरेलको प्रमुख आतिथ्यमा शनिवार लिम्बुवान राष्ट्रिय मुक्ति मोर्चाको बैठक दमकमा बस्यो । त्यसअघि असार १ गते उनकै प्रमुख आतिथ्यतामा कोचिला राष्ट्रिय मुक्ति मोर्चाको कार्यक्रम बिर्तामोडमा आयोजना गरिएको थियो ।जातीय मोर्चाहरुलाई अपांग बनाएर फेरि उपयोग गर्ने नीति बनाएको माओवादीको कुटिल चालप्रति उत्पीडित जातिहरु चनाखो देखिएका हुन् । अझ पनि वर्गीय,जातीय क्षेत्रीय , लैङ्गिय उत्पीडन कायम छ र त्यसको लागि माओवादी पार्टी लाग्ने भन्दै पार्टीले नारा अगाडि सारेको छ। त्यस नाराप्रति उत्पीडित जातिहरुले कडा प्रतिक्रिया दिएका छन् ।
हल्दिवारीका पूर्व जनप्रतिनिधि खगेन राजवंशी जातीय मुद्दाले ठाउँ नपाएसम्म पूर्वमा माओवादी पार्टीको राजनीति नचल्ने दावी गर्छन् । सशस्त्र द्वन्द्वको बेला अन्य जातिभन्दा अग्रस्थानमा रहेर कोच समुदायले दिएको बलिदान र योगदानलाई मूल्यांकन गर्न नसकेको उनको गुनासो छ ।
पार्टीका मोरङ रंगेलीका नगर सचिव बद्रीनारायण राजवंशीले माओवादीले पहिचानको मुद्दा उठाएर छोडेकोमा घोर आपत्ति जनाए । कोच राज्य र त्यस राज्यको मुख्यमन्त्रीमा पूर्णसिंह राजवंशीलाई घोषणा गरेर पार्टीले एकाएक कोचको मुद्दा छोड्नुमा नेतृत्वको ठूलो कमजोरी भएको उनले औंल्याए ।
मोरङ कानेपोखरीका बमबहादुर राजवंशीले कोचिला मुक्ति मोर्चा कमजोर बन्दा र कोचहरु पलायन हुँदै गर्दा आफूलाई कोच भन्न लाज लागेको प्रतिक्रिया दिएका छन् । माओवादी पार्टी र अध्यक्ष पुष्पकमल दाहाल सत्ताबाट बेदखल हुँदा सहानुभूति राख्नेहरुको संख्या धेरै छैन । माओवादी पार्टीले जनतालाई बिर्सेर सत्तालाई नै प्यारो ठानेको कारण देशकै ठूलो पार्टीको जनसमर्थन अहिले थोरै छ ।

माओवादीको हिजोको इतिहास हेर्दा पक्कै केही गर्छ कि भन्ने बिश्वास जनतामा भएर नै २०६४ मा ठूलो पार्टी बनाएका थिए। तर केवल आफ्नो दुनो कस्न, कसरी हुन्छ सत्तामा जान र जनताबेस नभएर गुटगत कार्यकर्तावेस सहरिया राजनीतिमा केन्द्रित हुँदा माओवादी सकिएको प्रदिप उप्रेतीको ठम्याई छ ।

# ओली प्रधानमन्त्री नियुक्त

झापा(प्रस) । राष्ट्रपति रामचन्द्र पौडेलले एमाले अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्रीमा नियुक्त गरेका छन् । राष्ट्रपतिले दिएको समयसीमा आइतबार अपरान्ह ५ बजे सकिएपछि राष्ट्रपतिले ओलीलाई संविधानको धारा ७६ को उपधारा २ बमोजिम नियुक्त गरेका हुन् ।
राष्ट्रपति पौडेलका प्रेस सल्लाहकार किरण पोखरेलका अनुसार प्रधानमन्त्री ओलीको शपथ सोमबार ११ बजे हुने तय गरिएको छ ।
ओली २०४८ सालबाटै संसदमा निर्वाचित हुँदै आएका ओली हाल झापा ५ का सांसद हुन् । उनले २०६४ सालको संविधानसभा चुनावबाहेक अन्य सबै जित्दै आएका छन् । ओली पहिलोपटक ०५१ मा मनमोहन अधिकारी नेतृत्वको नौ महिने सरकारमा गृहमन्त्री भए भने दोस्रो जनआन्दोलनपछि गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा उपप्रधान तथा परराष्ट्रमन्त्री भएका थिए ।त्यसपछि उनी २०७२ साल असोज २४ मा पहिलो पटक प्रधानमन्त्री बने । २०७४ मा दोस्रो र २०७८ सालमा केही समयका लागि तेस्रो कार्यकालका लागि



प्रधानमन्त्री बने । २०७१ सालको नवौं महाधिवेशनपछि १० वर्षदेखि ओली एमालेको अध्यक्ष छन् ।
चौथो पटक प्रधानमन्त्री बनेका ओलीले सोमबार नै मन्त्रिपरिषद्लाई पूर्णता दिने तयारी गरेका छन् ।कांग्रेस र एमाले मन्त्रालय भागबन्डा र मन्त्रीहरूको छनोटमा व्यस्त छन् । मधेशकेन्द्रित पाँच दल जनता समाजवादी पार्टी, जनता समाजवादी पार्टी (नेपाल), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नागरिक उन्मुक्ति पार्टी (नाउपा) र जनमत पार्टीलाई पनि सोमबार नै सरकारमा सहभागी गराउने गरी कांग्रेस र एमालेबीच समझदारी भएको छ ।कांग्रेस र एमालेबीच मन्त्रालय भागबन्डामा करिब-करिब समझदारी बनिसकेको छ । कुल २१ मन्त्रालयमध्ये सरकारको नेतृत्व गर्ने एमालेले अर्थसहित ८ मन्त्रालय र कांग्रेसले ९ मन्त्रालय लिने मोटामोटी समझदारी बनेको हो। बाँकी चार मन्त्रालय मधेशकेन्द्रित दललाई छुट्याइएको छ ।
कांग्रेसले गृह र परराष्ट्रका अतिरिक्त ऊर्जा-जलस्रोत तथा सिँचाइ, सहरी विकास, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, कानुन न्याय तथा संसदीय मामिला, संघीय मामिला तथा सामान्य प्रशासन र अर्को कुनै एक मन्त्रालय लिने गरी छलफल अघि बढेको छ भने एमालेले अर्थ, सञ्चार तथा सूचना प्रविधि, भौतिक पूर्वाधार तथा यातायात, शिक्षा, विज्ञान तथा प्रविधि, रक्षा, श्रम, रोजगार तथा सामाजिक सुरक्षा र युवा तथा खेलकुद मन्त्रालय लिने मोटामोटी समझदारी छ ।

## एक्सेल बैंकको अठारौं वार्षिक साधारणसभा सम्पन्न



झापा(प्रस) ।एक्सेल डेभलपमेन्ट बैंक लिमिटेडको अठारौं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ । संचालक समितिका अध्यक्ष महेन्द्रकुमार गोयलको अध्यक्षतामा सम्पन्न साधारणसभाले बैंकको आर्थिक वर्ष २०७९-८० को वार्षिक प्रतिवेदन तथा वित्तीय विवरण र लेखापरीक्षकको नियुक्तिलगायतका प्रस्तावहरु पारित गरेको छ ।
प्रादेशिक बैंकको रुपमा झापा जिल्लाको बिर्तामोडमा केन्द्रीय कार्यालय रहेको यस बैंकको कार्यक्षेत्र कोशी प्रदेश रहेकोमा हाल झापा, इलाम, मोरङ, पाँचथर, सुनसरी र उदयपुरका विभिन्न ४५ स्थानमा अवस्थित आफ्ना कार्यालयहरुमार्फत ग्राहकहरुसमक्ष बैंकिङ सेवा प्रदान गरिरहेको छ । संखुवासभाको खाँदवारी र धनकुटाको धनकुटा बजारमा शाखा संचालनका लागि तयारी भइरहेको बैंकले जनाएको छ । आगामी दिनमा कोशी प्रदेशका अन्य जिल्लाहरुमा समेत शाखा विस्तार गर्दै लैजाने नीति बैंकले लिएको प्रमुख कार्यकारी अधिकृत डा. ईन्द्रकुमार कट्टेलले बताए । उनले बैंकको वर्तमान गतिविधिको वारेमा जानकारी दिएका थिए ।
यस बैंकको हालसम्म लगानीमा रहिरहेको कर्जा लगभग रु ११ अर्ब ४१ करोड रहेको छ भने निक्षेप संकलन लगभग रु १४ अर्व ७१ करोड गरेको सञ्चालक समितिका अध्यक्ष गोयलको वार्षिक प्रतिवेदनमा उल्लेख छ ।
सञ्चालक समितिका अध्यक्ष गोयल र नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय उपाध्यक्ष हेमराज ढकालले संयुक्त रुपमा उद्घाटन गरेको साधारणसभामा सञ्चालक राजन शर्माले स्वागत मन्तव्य र संचालक पर्शुराम दाहालले धन्यवाद ज्ञापन गरेका थिए ।
कार्यक्रमको संचालन कम्पनी सचिव श्यामबहादुर बोहोराले गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय उपाध्यक्ष ढकाल, संस्थापक शेयरधनीहरु डा. रुपकप्रसाद खनाल र सुरेशकुमार अग्रवालले बैंकको उन्नति तथा प्रगतिका लागि शुभकामनासहितको मन्तव्य राखेका थिए ।

Amity College
Birtamode-5, Jhapa
A gateway to the world of educational excellence
Opens Admissions in
10+2: Business Studies
Computer Science
Hotel Management

Step in & Feel the Difference
amitycollegejhapa@gmail.com
9842629372 9852642762 023-590762

ऋषिकेश
Ayurvedic Hair Oil
३५ जडिबुटीयुक्त
- कपाल झर्न नदिने
- नयाँ कपाल उमार्ने
- सिल्की बनाउने
- चाया हटाउने
- टाउको चिलाउन रोक्ने

Chemical free, no side effects
100% Natural
Price Rs. 1500/- Rs. 1050/-
Free Home Delivery

Rishikesh Ayurvedic
Kathmandu, Nepal
Mobile/Whatsapp: 9810095900, 9844600332

# स्कुटर चालक बिरिङ पुलबाट खसेर गंभीर घाइते



झापा(प्रस) । कन्काई नगरपालिका वडा नम्बर ८ स्थित बिरिङ पुलमा कारले स्कुटरलाई ठक्कर दिँदा स्कुटर चालक पुल माथिबाट खोलामा खसेर गंभीर घाइते भएका छन् । आइतवार दिउँसो २ बजेको समयमा बिरिङ पुलस्थित पूर्वपश्चिम लोकमार्गमा दमकबाट बिर्तामोडतर्फ आउँदै गरेको मे १ प ३६९६ नम्बरको कारले बिपरित दिशातर्फ जाँदै गरेको प्र १-०१-०१५ प ७६९७ नम्बरको स्कुटरलाई ठक्कर दिँदा स्कुटर चालक कन्काई नगरपालिका वडा नम्बर ३ नमुना टोल बस्ने बर्ष अन्दाजी ४५ का देबेन्द्र बस्नेत पुल माथिबाट खोलामा खसेर घाइते भएका हुन् । घाइतेलाई उपचारको लागि बीएण्डसी अस्पताल पठाइएको छ । उनको टाउको, छाती, हात र खुट्टामा चोट लागेको छ । उनको अबस्था बोल्न सक्ने मध्यम रहेको जनाइएको छ । स्कुटर इलाका प्रहरी कार्यालय सुरुङ्गाको नियन्त्रणमा रहेको छ । कार र कार चालक बुद्धशान्ति गाउँपालिका वडा नम्बर ३ महानन्द टोल बस्ने बर्ष ४६ का सुशान्त श्रेष्ठलाई इलाका प्रहरी कार्यालय अनारमनीले नियन्त्रणमा लिएको छ ।

उता ताप्लेजुङको सिरिजंगा गाउँपालिका-४ तेल्लोकबाट सदरमुकाम फुङलिङ आउँदै गरेको बोलेरो जिप आइतवार दिउँसो दुर्घटना हुँदा सात जना घाइते भएका छन् । मे १ ज ३३१३ नम्वरको जिप फुङलिङ नगरपालिका-७ पौडेल चोकमा सडकबाट ६ मिटर तल झरेको थियो ।

जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका प्रहरी नायव उपरीक्षक रवि रावलका अनुसार जिपमा सवार सिरिजंगा गाउँपालिका-२ का माया पौडेल भट्टराई, वडा नं. ४ का इच्छा लिम्बू, सरिता भट्टराई, बुद्धि थापा, वडा नं. ५ का मुना भट्टराई, धनकुमार भट्टराई र इलामको रोङ गाउँपालिका-४ भालुझोडामा अबि तामाङ घाइते भएका हुन् ।

जिल्ला अस्पताल ताप्लेजुङले घाइतेहरुको अवस्था सामान्य रहेको जनाएको छ । स्टेरिङको टाइरेट गोली भाँचिएर सडकदेखि तल झरेको प्रारम्भिक जानकारी आएको रावलले जानकारी दिए।

# चारआली सर्पदंश उपचार केन्द्रमा हजार बढीको उपचार




• द्रोण अधिकारी

भद्रपुर । झापाको पहिलो र स्तरीय उपचार सेवा प्रवाह गर्ने पहिचान बनाएको सर्पदंश उपचार केन्द्र चारआलीले हरेक वर्ष एक हजार बढीको उपचार गर्दै आएको छ । स्थापनाको दुई दशकमा उपचार केन्द्रले सर्पदंशका २० हजार बढी विरामीको सफल उपचार गरेको उपचारमा आएका विरामीको तथ्यांकले देखाएको छ ।

मेचीनगर नगरपालिका-१३ चारआलीस्थित नेपाली सेनाको कम्पाउण्डमा रहेको सर्पदंश उपचार केन्द्रले दुई दशकमा २० हजारभन्दा बढी मानिसलाई सर्पको विष मुक्त गर्दै अकाल मृत्युबाट बचाएको हो ।

२०६० चैत ५ गते समुदायलाई हस्तान्तरण भएको उपचार केन्द्र नेपाली सेना र समुदायको साझेदारीमा सञ्चालित २५ शय्याको अस्पतालको रूपमा रहेको छ । उपचार केन्द्रमा इलाम, पाँचथर, ताप्लेजुङ, तेह्रथुम तथा छिमेकी मुलुक भारतको पश्चिम बंगालका दार्जिलिङ, सिलिगुडी र बिहारको किशनगञ्ज तथा ठाकुरगञ्जसम्मका सर्पदंशका बिरामी उपचारका लागि आउने गर्छन् ।

यहाँ सबै प्रकारका विषालु सर्पले डसेको उपचार हुने गर्छ । विगतमा झापाका सर्पदंशका बिरामी धेरै हुने गरेकामा पछिल्लो समय इलामका बिरामी बढेको उपचार केन्द्रले जनाएको छ । वर्षेनि एक हजारभन्दा बढीले उपचार पाइरहेको केन्द्रबाट २०८० सालमा सर्पले डसेका ९७६ जनाले उपचार लिएका थिए ।

पहाडमा गुर्वे र हरेउ सर्प विषालु मानिन्छ भने तराईमा गोमन र करेत अधिक विषालु हुने गर्छन् । समयमै उपचार नपाएमा विषालु सर्पले डसेको मानिसको मृत्यु हुन सक्छ ।

केन्द्रले विरामीको दर्ता शुल्क रु.१०० र साधारण उपचार सेवा शुल्क रु. ६०० मात्र लिने गरेको छ । उपचारका लागि बस्दा बेड शुल्क रु १०० तथा ५ भाइलसम्म औषधि (एन्टी स्नेक भेनम सिरम) को एक हजार ५ सय र ५ भाइलभन्दा जतिसुकै धेरै लागेपनि तीन हजार मात्र शुल्क लिने गरिएको छ भने विपन्न र असहाय विरामीका लागि निःशुल्क उपचार गर्दै आएको जनाइएको छ ।

# लागूऔषध भित्र् याउन खोज्ने भारतीय पक्राउ



झापा(प्रस) । भारतबाट लागूऔषध भित्र्याउन खोज्ने एक भारतीय नागरिक मेची पुलमा पक्राउ परेका छन् ।

शनिवार साँझ ५.३०बजेको समयमा मेचीनगर नगरपालिका वडा नं. ६ स्थित पुरानो मेची पुलमा लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको संयुक्त प्रहरी टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेको डब्लु बी ७४ वाई २१४१ नं.को भारतीय मोटरसाइकललाई रोकी मोटरसाइकल चालक भारत दार्जिलिङ खोरीबारी पानीटंकी बस्ने ३६ वर्षीय बब्लु रायलाई चेकजाँच गर्दा उनले लगाएको पाईन्टको गोजीमा प्लाष्टिकबाहेक ११ ग्राम ३०० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । उनलाई मोटरसाइकलसहित नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# भानु जयन्तीको अवसरमा पुस्तक विमोचन




झापा(प्रस) । झापाको बुद्धशान्तिमा २११औं भानु जयन्तीको अवसरमा आयोजित एक कार्यक्रमका बिच स्रष्टा राम आचार्य 'पुष्पप्रेमी'को कविता संग्रह विमोचन भएको छ।

एसएलसी २०४० समूहका संयोजक राम आचार्य अध्यक्ष रहेको कार्यक्रममा गाउँपालिका अध्यक्ष मनोज प्रसाईं तथा साहित्यकार पुरुषोत्तम सिग्देलले संयुक्तरुपमा पुस्तकको विमोचन गरेका थिए । उक्त कविता संग्रहमा १४५ वटा कविताहरु रहेका छन् । बुद्धशान्ति गाउँपालिका अध्यक्ष प्रसाईं प्रमुख अतिथि रहेको कार्यक्रममा बुद्ध आदर्श माध्यमिक विद्यालयका पूर्व शिक्षकहरु पुरुषोत्तम सिग्देल, केदार कोइराला, भिमप्रसाद निरौला, देवेन्द्र अधिकारी , टिकाराम पोखरेल, महेन्द्र संग्रौला, मञ्जुला खतिवडा, जयनारायण नेउपानेलाई सम्मानपत्र तथा दोसल्लाद्वारा सम्मान गरिएको थियो।

एसएलसी २०४० समूहका पूर्व बिद्यार्थीको आयोजना रहेको उक्त कार्यक्रममा आदिकवि भानुभक्त आचार्यसँग सम्बन्धित कविताहरु वाचन गरिएका थिए। विद्यालयका पूर्व प्रधानाध्यापक एवम् साहित्यकार पुरुषोत्तम सिग्देल, विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष मनोरथ तिवारी, शिक्षक तथा विमोचित पुस्तकका सम्पादक बालकृष्ण दाहाल, वर्तमान प्रधानाध्यापक कृष्णराज भण्डारी , विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको सम्बोधन रहेको कार्यक्रममा २०४० एसएलसीका प्रथम विद्यार्थी तोया मैनालीले स्वागत गरेका थिए ।

उक्त समूहका विद्यार्थीहरुद्वारा निर्माण गरिएको स्टेज/ चौतारी विद्यालयलाई हस्तान्तरण गरिएको कार्यक्रममा पुस्तकको समीक्षा लेखक तुलसीराम खरेलले गरेका थिए भने सञ्चालन पुष्प काफ्लेले गरेका थिए।

## भानु...

सोही अवसरमा विभिन्न विधाका श्रष्टा र संस्थालाई सम्मान गरिएको थियो । कृषि क्षेत्रमा नयाँ नयाँ प्रविधि भित्र्याएको र हरेक कृषकहरुलाई उन्नत जातको बीउ साथै कृषि उपकरणमा सहयोग पुऱ्याएको भन्दै मेची कृषक बहुमुखी सहकारी संस्था र भानु पुस्तकालयका लागि पुस्तक प्रदान गर्ने महेन्द्रद्वार सहकारी संस्थालाई सम्मानपत्र प्रदान गरिएको थियो ।

हेमराज–मेदनी खरेल संगीत साधना प्रतिभा पुरस्कार संगीत साधना प्रतिष्ठान नेपाल सुनसरीलाई , कृष्ण–पवित्रा उप्रेती साहित्यिक प्रतिभा पुरस्कार सुसेली साहित्यिक प्रतिष्ठान मेचीनगरलाई ,हेमराज–मेदनी खरेल साहित्य तथा सञ्चार प्रतिभा पुरस्कार सञ्चारकर्मी पिनाकीप्रसाद कोइरालालाई, कृष्ण–पवित्रा उप्रेती खेलाडी प्रतिभा पुरस्कार टेवलटेनिस खेलाडी अमिता गिरीलाई प्रदान गरियो । पुरस्कारको राशि जनही २१ हजार रुपैयाँ नगद रहेको छ । त्यस्तै नगद १५ हजार रुपैयाँ र सम्मानपत्रसहितको भानु उद्यमी पुरस्कार खड्गबहादुर अधिकारीलाई प्रदान गरियो । भानु प्रशंसा पुरस्कार केन्द्रप्रसाद भट्टराई र जयप्रसाद आचार्यलाई प्रदान गरियो । जुन पुरस्कारको राशि जनही नगद पाँच हजारसहित सम्मानपत्र रहेको छ ।

खुल्ला कविता गोष्ठी प्रतियोगितामा प्रथम नन्दी भट्टराई (नुरान) लाई ५ हजार, दोस्रो हुने दधिराम खनाल (दुर्लभ) लाई ३ हजार र तेस्रो हुने दिपेश राउतलाई २ हजार नगदसहित पुरस्कृत गरिएको छ । कार्यक्रम शुरु हुनुअघि पञ्चे बाजागाजा र झाँकीसहित प्रभातफेरि गरिएको थियो । कार्यक्रममा मेची भन्सार कार्यालय काँकरभिटाका प्रमुख भन्सार अधिकृत रामप्रसाद रेग्मी, इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रमुख प्रहरी नायव उपरीक्षक मीमबहादुर लामा, सशस्त्र प्रहरी बल प्रस्तावित सीमा सुरक्षा गुल्म बिओपी काँकरभिट्टाका प्रमुख सशस्त्र प्रहरी नायव उपरीक्षक राजनलाल श्रेष्ठले आ-आफ्ना रचना वाचन गरेका थिए ।

प्रतिष्ठानका कार्यवाहक अध्यक्ष डिल्लीराम घिमिरेले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै अध्यक्षता गरेको कार्यक्रममा स्वागत उपाध्यक्ष मेदनीप्रसाद खरेल र सञ्चालन महासचिव सुशील आचार्यले गरेका थिए ।





# जंगली हात्तीले बिर्तामोडमा चारवटा घर भत्कायो



बिर्तामोड(प्रस) । जंगली हात्तीले आइतवार बिहान बिर्तामोड- ७ मा चारवटा घर भत्काएर क्षति गरेको छ । वडा न.७ डाँडागाउँ बस्ने नवराज लिम्बू , डम्बर बिक, सोनु सुनुवार र खालबारी बस्ने खगेन्द्र घिमिरेको घर भत्काएर क्षति गरेको हो । बिहान अन्दाजी २ बजेको समयमा चार वटाको संख्यामा आएका जंगली हात्तीको समूहले डाँडागाउँ बस्ने नवराज लिम्बूको टिनको छानो,ईटाको पर्खाल भएको दुईतले टाँडेघरको पर्खाल भत्काई एक लाख पचास हजार बराबरको क्षति गरेको छ । त्यस्तै सोही ठाउँ बस्ने डम्बर बिकको टिनको छानो,ईटाको पर्खाल भएको एकतले घरको पर्खाल भत्काई घरभित्र रहेको अन्नपात खाई अन्दाजी ५० हजार बराबरको क्षति गरेको छ भने सोनु सुनुवारको टिनको छानो,ईटाको पर्खाल भएको एकतले घरको पर्खाल भत्काउँदा अन्दाजी ७० हजार बराबरको क्षति भएको छ ।

त्यस्तै खालबारी बस्ने खगेन्द्र घिमिरेको टिनको छानो,काठको घेराबारा भएको दुईतले टाँडे घरको घेराबेरा भत्काई घरभित्र रहेको अन्नपात खाई अन्दाजी ४० हजार बराबरको क्षति गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।हात्तीले जम्मा ३ लाख १० हजार बराबरको क्षति गरेको प्रहरी निरीक्षक ढुण्डीराज गिरीले बताए ।







नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सत्ताका लागि काँध फेरेको होइन ?

सत्ता सहकार्यको सहमति अनुसार अब दुई वर्षका लागि केपी ओली प्रधानमन्त्री बनेका छन् भने २०८४ को चुनावी सरकारको नेतृत्व शेरबहादुर देउवाले गर्नेछन्। गत आमनिर्वाचनमार्फत जनताले दिएको 'म्यान्डेट' पनि त्यही नै हो। प्रतिनिधि सभाको सबैभन्दा ठूलो दल कांग्रेस र दोस्रो ठूलो दल एमाले मिलेर जानुपर्ने म्यान्डेट जनताले निर्वाचनमार्फत दिएका थिए । उक्त निर्वाचनमा समानुपातिकतर्फ एमाले र कांग्रेसलाई ५५ लाखभन्दा बढीले मत दिएका थिए। तर पछिल्लो डेढ वर्ष दुवै दल सरकारमा सहयोगीको भूमिकामै सीमित रहे । जसको सबैभन्दा बढी लाभ तेस्रो ठूलो दल नेकपा (माओवादी केन□)का अध्यक्ष पुष्पकमल दाहालले लिए। जबकि अधिकांश मतदाताले सरकारको नेतृत्वका लागि पहिलो नम्बरमा कांग्रेसलाई र दोस्रोमा एमालेलाई रोजेका थिए। दुई दलबीचको यस सहमतिलाई त्यही जनमत शिरोधार्य गर्ने अवसर मान्न सकिन्छ। फरक राजनीतिक सिद्धान्त भए पनि मुलुकको महत्वपूर्ण मुद्दामा प्रमुख दलहरू एक ठाउँमा आएका थुप्रै दृष्टान्त छन्। २०४६ सालको जनआन्दोलन, २०६२/६३ सालको जनआन्दोलन वा संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा प्रमुख दलहरू मिलेरै सफल पारेका थिए। २०७० सालको संविधानसभा निर्वाचनपछि पहिलो र दोस्रो ठूलो दल कांग्रेस र एमालेले सत्ता साझेदारी गरेका थिए। त्यसको दुई वर्षपछि संविधानसभाबाट संविधान जारी भयो।

देउवा–ओलीबीचको सहमतिको अर्को पक्ष संविधान संशोधन हो। जसका लागि आवश्यक पर्ने दुईतिहाइ मत पुऱ्याउन कम्तीमा कांग्रेस–एमाले एक ठाउँमा आउनै पर्थ्यो। यी दुई दलका नेताहरूले विद्यमान मिश्रित निर्वाचन प्रणाली परिवर्तन गर्न चाहेको बुझ्न गाह्रो छैन। शिथिल अर्थतन्त्रको उत्थान, रोजगारी सिर्जना, महँगी र भ्रष्टाचार नियन्त्रण, सहकारी प्रकरण छानबिन आदिमा कदम नचाली सरकारबाट पुष्पकमल दाहालको विस्थापनलाई नै उपलब्धि ठानियो भने कांग्रेस–एमालेका नेताहरूको भूल हुनेछ। कतिपयले भूटानी शरणार्थी प्रकरणका आरोपित बेचन झा पक्राउपछि आफ्ना नेता तानिने डरका कारण पनि कांग्रेस–एमाले एक ठाउँमा आएको आरोप लगाइरहेका छन्। यसलाई गलत सावित गर्ने चुनौती पनि यो नयाँ समीकरणसामु छ।

ओली सरकारले भूटानी शरणार्थी प्रकरण मात्रै होइन, सहकारी प्रकरण, गिरीबन्धु टी इस्टेट, सुनकाण्ड लगायत प्रकरणको निष्पक्ष छानबिन गरेर दोषीलाई कानूनी कारबाही गराउनुपर्छ। पछिल्लो सहमति सत्तामा बस्नका लागि काँध फेर्न होइन भन्ने प्रमाणित गर्न पनि जनपक्षीय काम गर्नुको विकल्प छैन।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# राजनीतिक स्थायित्वको मार्ग



• डा.शान्तिकृष्ण अधिकारी

करिब डेढ वर्षअघि अर्थात् विसं २०७९ को निर्वाचन परिणामपश्चात् संसद्ले नेपाली कांग्रेस र नेकपा एमालेबिचको समझदारी खोजेको थियो । लगभग एक वर्षदेखि कांग्रेसका नेता डा. शेखर कोइराला पनि यी दुई दल मिलेर देशलाई निकास दिनु पर्छ भन्दै आउनुभएको थियो । कांग्रेस र एमालेबिचमा सहमति कायम भएको छ तर यो सहमति देश र जनताका लागि गरिएको हो कि सत्ता स्वार्थका कारण हो भन्ने चाहिँ प्रस्ट हुन बाँकी नै छ । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सत्तारोहण गर्ने बित्तिकैदेखि देश र जनताका काम हुन थालेमा आमनागरिकमा रहेको आशङ्का हराउँदै जान्छ भने परिवर्तन नभएमा यो सहमतिका पक्षमा उभिएकाहरूले थक्थकाउनु पर्ने हुन्छ । राजनीतिक स्थायित्व दिनका लागि र यसका लागि आवश्यक परेका संविधानका धारा संशोधन गर्ने भनी अहिले सार्वजनिक गरिएका कुराका शुभ सङ्केत दिन अबको सरकारले सक्नु पर्छ ।

प्रायः अफ्रिकी मुलुकहरूमा राजनीतिक स्थायित्व थियो र छ । जिम्बाबेमा रोबर्ट मुगाबेले अनवरत शासन गरेको लामै समय बित्यो । उत्तर कोरियामा किम जोन उनको एकछत्र शासन चलेकै छ । त्यस्ता मुलुकमा दशकौँसम्म शासक फेरिन्नन् । नेपालमा पनि नेताहरूले भन्ने गरेको राजनीतिक स्थायित्व त्यही शासक नफेरिने विषयसँग मात्र सम्बद्ध रहने गरेको छ । राजनीतिक स्थायित्वको अन्तर्य जोडिएका पक्ष र विषय भने राजनीतिक दलहरू र नेताहरूमा या जानकारीमा छैनन् या वास्ता गर्न आवश्यकता ठानिएको छैन । राजनीति देश र जनतासँग प्रत्यक्ष रूपमा जोडिन सक्नु पर्छ । शासन सत्ताको केन्द्रबाट धेरै टाढा बसेका जनतालाई राजनीतिक परिवर्तनले छुन सकेन भने परिवर्तनको कुनै अर्थ हुँदैन ।

दुई दुई महिनामा सरकार परिवर्तन भए पनि सत्तामा पुगेकाले देश र जनताका काम गर्ने हो भने त्यस्तो अस्थिरताले कुनै असर गर्ने थिएन । प्रधानमन्त्री, मन्त्री हुनु भनेको जनताका दुःख निवारण गर्नका लागि हो भन्ने चेत सत्ताधारीमा पलाउने हो भने वर्षैपिच्छे प्रधानमन्त्री फेरिए पनि जनता निराश हुने थिएनन् । कुर्सीमा बसेकाले देशलाई छातीमा र जनतालाई दिमागमा राखेर वैयक्तिक स्वार्थ र पारिवारिक मोहबाट मुक्त भई भ्रष्टाचारको अन्त्य गर्दै सुशासनको प्रत्याभूति दिन तल्लीन हुने गरेको भए संसद्को यही संरचनाबाट पनि जनता वाक्क हुने थिएनन् । सानो मुलुकमा साढे आठ सय सांसद् र डेढ सय मन्त्री भए पनि यी सबै नेतागणको मनैदेखिको चाहना देशको समुन्नति र जनताको समृद्धि हो भन्ने अनुभूति दिलाउन सकेको भए संविधान संशोधनको मुद्दा उठ्ने थिएन । नेपाल र नेपालीको विडम्बना नै भन्नु पर्छ, त्यस्तो हुन सकेन । त्यसैले अब केही गर्छौं भन्दै देशका दुई ठुला दल नेपाली कांग्रेस र नेकपा एमालेले सहमति गरेका छन् तर भोलिका दिनमा के गर्छन् ? हेर्ने दिन आइसकेको छ।

दुई ठुला दल मिलेर बनेको सरकारले जनतालाई सरकार फेरिएको अनुभूति दिलाउन सकेनन् भने जनताका लागि 'कागलाई बेल पाक्यो हर्ष न विस्मात' नै हो । जुनसुकै दल सत्तामा पुगे पनि या जोसुकै प्रधानमन्त्री बने पनि आजसम्म आमसर्वसाधारणलाई अनुभव हुने गरेको यही नै हो । कुनै दल सत्तामा पुग्दा भौतिक पूर्वाधारमा केही विकास भयो होला या कुनै दलका पालामा कतिपय नीतिमा परिवर्तन गरियो होला तर सर्वसाधारणको मन छुने गरी काम गर्ने या गर्न सक्ने दल देखिएनन् भन्न हिच्किचाउनु पर्दैन । आर्थिक दृष्टिले निम्न वर्गमा पर्ने र भौतिक दृष्टिले पिछडिएको वर्गमा परेकाको समृद्धिमा केन्द्रित सरकार नारा र भाषणमा भेटिए तर परिणामका दृष्टिले पत्याउन सक्ने अवस्था रहेन । केही सीमित व्यक्ति र वर्गको शक्ति र सत्तामा परिवर्तन ल्याउने काम निरन्तर हुँदै गयो तर सत्ताधारीसँग निकट सम्बन्ध राख्न नसक्नेहरूको अवस्था फेरिएन । मूल प्रश्न भनेको अब यो अवस्थामा परिवर्तन आउँछ कि आउँदैन भन्ने हो ।

नेपाली कांग्रेस र नेकपा एमालेको सहमतिसँगै संसद्बाट विश्वासको मत प्राप्त गर्न नसकेपछि पुष्पकमल दाहालको प्रधानमन्त्री पदबाट बहिर्गमन भइसकेको छ भने नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले राष्ट्रपतिसमक्ष १६५ सांसद्को हस्ताक्षर ओलीको समर्थनमा बुझाइसकेको अवस्था छ । अब त्यस्तो कुनै असम्भव अनहोनी हुन गएन भने नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री हुने निश्चित भइसकेको छ । फेरि पनि उही पुरानै संयन्त्र र शक्तिहरूको जगजगी देखिने र राज्य सञ्चालन उसै गरी हुन थाल्यो भने दुई ठुला दलको सत्तारोहणले पनि उत्साह पैदा गर्न सक्दैन । अर्थोपार्जनका उपायमा विज्ञता हासिल गरेका तर देश निर्माण र जनताका बिचमा भिज्न नसकेकाहरूकै सल्लाहमा सरकार चल्न थाल्यो भने नेपाललाई दुर्गतिको मार्गमा हिँडाउनेबाहेकका केही काम हुँदैनन् । विचारका दृष्टिले भुत्ते र मानवीय दृष्टिले संवेदनहीनहरूको सल्लाह र घेराबाट सरकार मुक्त हुन सक्छ कि सक्दैन भन्ने नै अबको विशेष मुद्दा हो ।

भ्रष्टाचारको निवारण, अनुचित लेनदेनको अन्त्य, सुशासनको आरम्भ, समयमै कार्य सम्पादन, जनतालाई झन्झटिला प्रशासनिक बोझबाट मुक्ति दिलाउँदै चुस्त प्रशासनको प्रत्याभूति जस्ता काममा जनताको प्रत्यक्ष नजर परिरहेको हुन्छ । आफूसँग न टाढाको नाता छ, न देखभेट हुँदा नमस्कारको आदानप्रदान नै हुन्छ, त्यस्तो व्यक्ति चाहे सत्तामा पुगोस् या सत्ता बाहिर होस्, आमनागरिकलाई कुनै वास्ता हुँदैन । जनताको सोझो मतलब भनेको कुन दल सत्तामा पुग्दा जनतामा कति उत्साह पैदा गर्न सक्यो भन्नेमा नै हो । त्यसैले निराशाको बादलमा मडारिई रहेका जनतालाई बादल चिरेर घामको तातो दिन सके मात्रै नयाँ सरकारले आफ्नो अस्तित्व कायम गर्न सक्छ ।

जाँदाजाँदै संसद्मा प्रधानमन्त्रीका हैसियतले सम्बोधन गर्दै प्रचण्डले केपी शर्मा ओलीका सामु केही चुनौती थपिदिएका छन् । नेपाली कांग्रेसलाई समेत सचेत गराएका छन् । प्रचण्डले सजग गराएका सन्दर्भका पक्ष र विपक्षमा मतमतान्तर राजनीतिक रूपमा गर्न सकिएला तर जनताका मनले के भनिरहेको हुन्छ भन्ने मह□वपूर्ण हो । भ्रष्टाचारका विरुद्धमा प्रचण्ड सरकारले कदम अघि बढाएपछि तर्सिएर नेकपा एमाले र नेपाली कांग्रेस एक हुन पुगेको भनी गम्भीर आरोप उहाँले लगाउनु भएको छ । आरोपबाट मुक्ति पाउनु र नपाउनुमै आगामी सरकारको सफलता र असफलता टिकेको छ भन्दा पनि हुन्छ ।

एकातिर यो सहमतिको सरकारले पूर्वप्रधानमन्त्री प्रचण्डलाई गलत साबित गर्नुपर्ने छ भने अर्कातिर एकीकृत समाजवादीका नेता मेटमणि चौधरीका भनाइलाई गलत देखाउनु पर्ने छ । चौधरीले संसद्मा बोल्दै चार महिनामै यो सरकार ढल्ने बताउनु भयो । कुर्सीमा बसेपछि पलाउने दम्भ र प्रतीक्षारतलाई हुने हतारोतिर सङ्केत गर्दै चौधरीले भन्नुभएको कुरा निकट विगतका इतिहास हेर्दा होइन भन्ने ठाउँ पनि छैन । त्यसैले कांग्रेस र एमाले दुवैले आफूलाई विश्वसनीय राजनीतिक दल भएको पुष्टि गर्दै संयमित राजनीति गर्न त्यत्तिकै आवश्यक देखिएको छ । प्रधानमन्त्रीले आफूबाहेक अरू कोही केही जान्दैनन् भने झैँ गर्ने र सत्ता सहयोगी दलका नेताले मेरो टेकोमा अडिएको सरकारले आफूले जे भन्यो त्यही मान्नुपर्ने धारणा राख्ने गरे भने सरकार असफल हुन र प्रचण्ड एवं चौधरी सही हुन कत्ति बेर लाग्दैन भन्ने हेक्का पक्कै अनुभवी नेताहरूले राख्नुभएको छ भन्ने विश्वास यतिखेर गर्न सकिन्छ ।


सत्य र धर्मका लागि भन्दै महाभारतकालीन युधिष्ठिरले जीवनमै एकपटक झुट बोलेका थिए । ओलीबाट जीवनमा कति पटक सत्य र कति पटक झुट फुत्किएको छ त्यो त कसैले गनेर बसेको छैन तर अब सुशासनका माध्यमबाट प्रचण्डको आरोपलाई गलत साबित गर्न सक्नु पर्छ । युधिष्ठिरको झुटलाई आजसम्मको समाजले पनि गलत नठहऱ्याए झैँ नेकपा अध्यक्ष ओलीले प्रचण्डलाई झुक्याएको भनिएको कुरा देश र जनताको हितका लागि थियो भन्ने प्रमाणित गर्नुपर्ने जिम्मेवारी ओलीमै आइपुगेको छ । कहिलेकाहीँको झुट पनि हितकर हुने रहेछ भन्ने जनताले बुझ्न पाए हुन्थ्यो भन्ने लागेको छ ।

सङ्घीय गणतन्त्रमाथि जनताको विश्वास अभिवृद्धि गर्न यो सहमति नै अन्तिम विकल्प हो । गणतन्त्रका लागि लडेको दाबी गरिरहने यी दुई दलले नै वर्तमान संविधानले दिएको लोकतान्त्रिक संसद्माथिको जनताको आस्था र विश्वासलाई जोगाउन सकेनन् भने अब अरू कसैले सक्दैन । यतिबेला अब संसद्मा प्रतिपक्ष त्यति दह्रो पनि छैन । दुई दलले गरेका निर्णयलाई चुनौती दिन सक्ने गरी विरोध जनाउने शक्ति संसद्भित्र छैन भन्दा पनि हुन्छ । यो अवस्थामा पनि नेपाली कांग्रेस र नेकपा एमाले सुध्रिएर जनतामुखी हुन सकेनन् भने नेपाल र नेपालीका लागि योभन्दा ठुलो दुर्भाग्य केही हुँदैन ।


रवि लामिछाने र प्रचण्डका उद्घोष सामान्य होइनन् । भ्रष्टाचारविरुद्धका फाइल खोलेपछि दुई दल मिले भनेर अब उनीहरूको निरन्तर आवाज घन्किरहन्छ । भ्रष्टाचार सम्बद्ध सबै प्रकरणलाई किनारा लगाउँदै जान सकेमा यो सरकारले जनताको अपार समर्थन पाउन सक्छ । २०८४ सालको आमनिर्वाचनमा यी दुई दल कस्तो हुने भन्ने पनि नयाँ सरकारकै क्रियाकलापले निर्धारण गर्ने हो ।

यसका लागि प्रधानमन्त्रीका सहयोगी मन्त्रीहरू पनि सदाचारी, विचारी र जनप्रिय हुन आवश्यक छ । बारम्बार कुर्सीमा बसेका, कुर्सीमा बस्दा इज्जत कमाउन नसकेका, नाताका आधारमा, चाकरीका आधारमा मन्त्रीको चयन गरियो भने निश्चय नै यो सरकार सफल हुन सक्दैन । कांग्रेस र एमाले दुवै पार्टीमा परीक्षण हुन बाँकी जोस, होस र योजना बोकेका होनहार युवाको लर्को छ । नयाँ जाँगर बोकेकालाई सरकारमा सहभागी गराएर नयाँ सन्देश दिने प्रयत्न होला भन्ने जनताको अपेक्षामा पक्कै पनि तुषारापात हुने छैन ।

# अब औद्योगिक क्रान्ति



• केबी बस्नेत



नेपालको मध्यकाल वा राणा शासनको पूर्वार्द्धसम्म औद्योगिक विकास हुन सकेन । चन्द्रशमशेरको शासनभन्दा पहिले यहाँ आवश्यक खाद्यान्न तथा अन्य उत्पादन स्वदेशमै गरिन्थ्यो । प्रथम विश्वयुद्धताका यहाँका युवा युद्धमा समाहित हुन विदेश पुगे । उनीहरू स्वदेश फर्केपछि आयातित वस्तुहरू प्रयोग गर्ने चलन निकै नै बढ्यो । तत्कालीन सरकारले पनि यहाँ औद्योगिक विकास गरी आत्मनिर्भर हुनुभन्दा आयातित वस्तुहरूमा कर लगाएर उठेको राजस्वबाट आम्दानी गरी देश सञ्चालन गर्ने नीति लियो । फलतः यहाँ धेरै वर्षसम्म सोचेअनुरूप औद्योगिक विकास गर्न सकिएन र हालसम्म पनि अति आवश्यक वस्तुका लागि अन्य विदशको भर पर्नु परेको छ ।

विसं १९९० को दशकमा नेपालमा संस्थागत औद्योगिक विकास सुरु भयो । यसै सन्दर्भमा विराटनगरमा जुटमिल र वीरगन्जमा चुरोट तथा सलाई कारखाना स्थापना गरियो । २००७ सालमा यहाँ राणा शासनविरुद्ध क्रान्ति भयो । त्यसपछि यहाँ राजनीतिक अस्थिरता भएकाले औद्योगिक विकास ओझेलमा प-यो । विसं २०१५ मा आम निर्वाचन भयो, जसमा नेपाली कांग्रेसले दुईतिहाइ मत प्राप्त गरी सरकार गठन गऱ्यो । झन्डै डेढ वर्षको अवधिमा तत्कालीन कांग्रेस सरकारले रुस सरकारको सहयोगमा वीरगन्जमा चिनी र कृषि औजार कारखाना तथा जनकपुरमा चुरोट कारखाना स्थापना गर्ने प्रक्रिया अगाडि बढायो । यति मात्र नभई नेपाल औद्योगिक विकास निगमको स्थापना गरी दीर्घकालीन रूपमा औद्योगिक विकासका लागि नयाँ नीति बनाइयो तर यसलाई सोचे अनुरूप व्यवहारमा उतार्न नसक्नाले यहाँ औद्योगिक विकासले गति लिन सकेन ।

विसं २०१७ मा निर्वाचित सरकारको अपदस्थपछि पञ्चायत व्यवस्था लागु गरियो । पञ्चायतले उद्योग तथा अन्य व्यवसाय स्थापना गर्न सरकारसँग अनमुति लिनुपर्ने र सरकार प्रमुखसँग निकट सम्बन्ध हुने व्यक्ति वा संस्थाले मात्र उद्योग स्थापना एवं सञ्चालन गर्न पाउने व्यवस्था गऱ्यो, जसको फलस्वरूप झन्डै ३० वर्षसम्म औद्योगिक विकासले तीव्र गति लिन सकेन । विसं २०४६ मा प्रजातन्त्र पुनर्स्थापना भयो । प्रजातान्त्रिक सरकारले खुला अर्थतन्त्रको नीति लियो । उद्योगको दर्ता खुला भयो । लाइसेन्स प्रणालीको अन्त्य भयो । यीबाहेक शिक्षा, स्वास्थ्य, बैङ्क तथा वित्तीय संस्था, यातायात, पर्यटन आदि क्षेत्र पनि खुला भयो । विदेशी लगानी नीति तर्जुमा भयो । नयाँ श्रम ऐन आयो । खुला अर्थनीतिको दृष्टिकोणमा निर्वाचित कांग्रेस सरकारको साढे तीन वर्षको कार्यकाल उत्साहजनक एवं प्रशंसनीय भयो ।

विसं २०५२ मा माओवादी सशस्त्र युद्ध सुरु भयो । देशभर ध्वंसात्मक वातावरण भयो, जसको कारण युवा गाउँबाट सहरतिर र सहरबाट रोजगारीका लागि विदेशिने क्रम चल्यो । यसले नेपालमा औद्योगिक विकास हुनुको सट्टा आयातमुखी अर्थतन्त्रतिर धकेलियो । भन्सार राजस्वबाट प्राप्त रकमबाट सरकारी कामकाज सञ्चालन हुन थाल्यो । यहाँको कुल गार्हस्थ उत्पादनमा औद्योगिक क्षेत्रको उत्पादन क्रमशः घट्न थाल्यो । अहिले त धेरै उद्योग बन्द भएका छन् भने केही बन्द हुने अवस्थामा पुगेका छन् । यस्तो हुनुमा विशेष गरी राजनीतिक कारण नै हुन् ।

आर्थिक वर्ष २०७९/८० मा नेपालको कुल गार्हस्थ उत्पादनमा उद्योगको अंश १३.४५ प्रतिशत र कुल गार्हस्थ बचतको कुल गार्हस्थ उत्पादनसँगको अनुपात ६.४१ प्रतिशत रहेको छ । कुल स्थिर पुँजी निर्माण र कुल राष्ट्रिय बचतको कुल गार्हस्थ उत्पादनसँगको अनुपात क्रमशः २५.२१ प्रतिशत र ३१.६६ प्रतिशत रहेको छ । वर्तमान समयमा नेपालको आर्थिक अवस्था सन्तोषजनक छैन । पूर्वाधार विकासका काम यथेष्ट मात्रामा हुन नसक्दा औद्योगिक विकासले गति लिन सकेको छैन । देश निर्माण गर्ने जोस र जाँगर भएका झन्डै ५० लाख युवा रोजगारीका लागि विदेशिएका छन्, जुन यहाँको समग्र विकासका लागि बाधक हो । आगामी दिनमा अधिकतम रोजगारी सिर्जना नगरी नेपाल प्रगतिको पथमा लम्कन सक्दैन ।

उद्योगमैत्री ऐन, नियम एवं नीति निर्माण नहुनाले अधिकांश ठुला तथा साना उद्योग पूर्ण क्षमतामा सञ्चालन हुन सकिरहेका छैनन् । त्यसैले सोचे अनुरूप रोजगारी सिर्जना नभएको हो । उद्योगमा आवश्यक दक्ष जनशक्ति पनि उत्पादन गर्न सकिएको छैन । श्रम सङ्गठन छन् तर ती केही व्यक्ति वा उद्योगी, व्यवसायीको पक्षमा छन् । श्रमिकको हितमा तिनको त्यति ध्यान पुग्न सकेको छैन । धेरै जसो स्थानीय तहले जथाभावी कर उठाएका छन् । यसको कुनै सुनुवाइ हुन सकेको छैन । स्थानीय जनता पनि उद्योगमैत्री छैनन् । उनीहरू कुनै पनि बहानामा औद्योगिक क्षेत्र प्रवेश गर्ने र आफ्नो स्वार्थ पूरा नभएसम्म उद्योगहरू बन्द गर्न अभ्यस्त छन् । यहाँका राजस्व कार्यालयमा विद्यमान ढिलासुस्ती र सुशासनको अभावमा विभिन्न उद्योगको सञ्चालनमा नकारात्मक प्रभाव परेको छ । फलतः उद्योगीहरू निरुत्साही भएका छन् ।

विगतमा भएका राजनीतिक क्रान्तिको कारण यहाँ सत्ता उथलपुथलबाहेक खासै केही उल्लेखनीय काम हुन सकेन । अबको क्रान्ति भनेको औद्योगिक क्रान्ति हुनु पर्छ, जसबाट शिक्षा, स्वास्थ्य, विकासका पूर्वाधार र जनजीविको आवश्यकता परिपूर्ति देशभित्रै गर्न सकियोस् साथै यहाँका युवालाई रोजगारीका लागि विदेश जान नपरोस् । विद्यमान कृषि, वन र जडीबुटीको सदुपयोग गरी औद्योगिक विकास हुनु पर्छ । यसका लागि उपयुक्त नीति नियमको व्यवस्था गर्न सम्बन्धित पक्षको ध्यानाकृष्ट हुनु पर्छ । वास्तवमा नेपालका कुनै पनि प्रदेशमा हालसम्म पनि उपयुक्त किसिमबाट उद्योग सञ्चालन गर्न सकिएको छैन । उदाहरणका लागि यहाँको सबैभन्दा ठुलो मानिएको बारा-पर्सा औद्योगिक कोरिडोरमा संस्थागत उद्योग स्थापना गरिएको झन्डै नौ दशक बितिसक्दा पनि सरकारी औद्योगिक क्षेत्र छैन । यसबारे आजसम्म सम्बन्धित पक्षको ध्यान गएको छैन । नेपालमा हालसम्म पनि औद्योगिक व्यवसाय ऐन, २०७६ ले परिकल्पना गरेको औद्योगिक मापदण्ड बनाउन सकिएको छैन । यसबाहेक जग्गा प्राप्ति, ढल निर्माण आदिका समस्याले औद्योगिक विकासमा बाधा पुगेको छ । त्यसैले औद्योगिक विकास गर्न हरेक स्थानीय निकायमा उपयुक्त उद्योग स्थापना गर्न आवश्यक छ । यसका लागि अनुसन्धान जरुरी छ ।

# मुख्यमन्त्रीले माओवादी मन्त्रीको राजीनामा तत्काल नमाग्ने



झापा(प्रस) । संघीय सरकारबाट बाहिरिएपनि कोशी प्रदेश सरकारबाट भने माओवादी केन्द्र तत्कालै नबाहिरिने सङ्केत देखिएको छ । गत वैशाख २७ गते हिक्मतकुमार कार्की नेतृत्वमा गठन भएको सरकारमा माओवादीका तीन मन्त्री सहभागी छन् । जसमा भौतिक पूर्वाधार विकास मन्त्रीमा गणेश उप्रेती, स्वास्थ्य मन्त्रीमा राजेन्द्रकुमार कार्की, पर्यटन, वन तथा वातावरण मन्त्रीमा नारायण बुर्जा मगर छन् ।

मुख्यमन्त्री कार्की माओवादीका मन्त्रीहरूसँग राजीनामा नमाग्ने मुडमा रहेको उनी निकट स्रोतले जनायो । 'हामी राजीनामा माग्दैनौं । राजनीति भनेको कहिले घाम कहिले छायाँ हो । सहकर्मी पार्टीहरूको विषयमा राजनीतिक व्यवहार गर्नुपर्छ,' उक्त स्रोतले भन्यो, 'तत्कालै उहाँहरूलाई हटाउने कुरा छैन । राजीनामा पनि माग्ने मुख्यमन्त्रीको मुड छैन ।'

माओवादी केन्द्र संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले पनि तत्कालै राजीनामा दिनुपर्ने परिस्थिति नबनेको बताए । 'अहिलेसम्म मुख्यमन्त्रीज्यूले केही भन्नुभएको छैन । केही समय अगाडि कुरा गर्दा अहिले नै हतार नगर्नु भनेर उहाँले नै भन्नु भएको थियो' । पछिल्लो परिस्थितिको विषयमा छलफल भएको छैन,' आङ्बोले भने, 'तत्कालै सरकार छोडिहाल्ने कुरा भएको छैन । हाम्रो पार्टीभित्र र एमालेसँग पनि कुराकानी भएको छैन ।'

एमालेका प्रमुख सचेतक रेवतीरमण भण्डारीले भने उपयुक्त समयमा माओवादीका मन्त्रीहरूले राजीनामा दिने विश्वास व्यक्त गरे । 'मुख्यमन्त्रीले आजै राजीनामा दिनू भनेर भन्नु भएको छैन । उहाँहरूले राष्ट्रिय परिस्थितिलाई हेरेर अनुकूल समयमा राजीनामा दिनुहोला,' उनले भने ।

केन्द्रमा भने कांग्रेस र एमाले मिलेर एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार निर्माण हुने देखिएको छ ।

संविधानको धारा १६८ को उपधारा ५ को प्रयोग पनि दुई पटक भइसकेको कोशी प्रदेशमा कांग्रेस र एमाले मिल्दा पर्याप्त बहुमत पुग्छ । तर, डेढ वर्षको अन्तरालमा ६ वटा सरकार परिवर्तन भइसकेको भन्दै यहाँ सबै दल मिलेर प्रदेशलाई अगाडि बढाउनु पर्ने आवाज पनि उठिरहेको छ ।

अहिले कोशी प्रदेशमा सरकार बाहिर नेपाली कांग्रेस, नेकपा (एकीकृत समाजवादी), राप्रपा र जसपा छन् । माथिको समीकरण अनुसार कोशी प्रदेश सरकारको नेतृत्व एमालेले नै लिने बताइन्छ । त्यसो हुँदा कांग्रेसले आफूले पाउने मन्त्रालयको टुङ्गो लगाएर तत्कालै मन्त्री पठाउन चाहेको छ ।

कांग्रेसबाट मन्त्री बन्ने दौडमा दलका उपनेता हिमाल कार्की, प्रमुख सचेतक गोपाल तामाङ, सांसदहरू भीम पराजुली, अमृत अर्याल, भुपेन्द्र राई, डोल्मा तामाङलगायत रहेको स्रोतले दाबी गरेको छ ।

# काजुको व्यावसायिक खेतीतर्फ आकर्षित किसान

झापा(प्रस) । मोरङको पथरी शनिश्चरेका किसान काजु खेतीतर्फ आकर्षित भएका छन् । पछिल्लो समय फरक र नयाँ कृषि खेती गर्न रुचाउने कृषकहरूको संख्या बढ्दो छ ।

काजुदेखि ड्रागन, अङ्गुर काजु, एभोकाडो, किभीको खेती फस्टाइरहेको छ । खेतीका लागि कृषकको आकर्षण पनि बढ्दो र बजारको माग पनि उच्च छ । आजभोलि मोरङको पथरी शनिश्चरे -३ का भुवनेश्वर पोखेलको दिनचर्या फेरिएको छ । पूर्व शिक्षक पोखेल बिहान बेलुका आफ्नो बारीमा काजुको बिरुवा स्याहार गर्दै आएका छन् । करिब ३ वर्षअघि तीर्थयात्राका लागि भारतको चारधाम जाँदा ऋषीकेशबाट ल्याएको काजुको बिरुवाले पोखेललाई व्यवसायी बनाएको छ । तीन वर्षपछि तिनै बिरुवाले उत्पादन दिन थालेको छ । अहिले करिब ३ कठ्ठा जग्गामा पोखेलले काजुका बिरुवा लगाएका छन् । पोखेलको बारीमा अहिले काजुदेखि ड्रागन, अंगुरसम्मका बिरुवा छन् । पोखेलले रोपेको काजुले उत्पादन दिन थालिसकेको छ । काजु फल्न थालेपछि खुसी भएका पोखेलले काजुका बिरुवा समेत उत्पादन गर्न थालेका छन् ।


पहिलो वर्ष ५ केजी उत्पादन भएको काजुलाई पुनः रोपेर पोखेलले बिरुवा उत्पादन गरे । तिनै बिरुवाबाट अहिले उत्पादन सुरु हुन थालेको छ । नेपालमा पनि काजुको व्यावसायिक खेती सम्भव हुन्छ भन्ने उदाहरण बनेका छन् । छोटो समयमा राम्रो आम्दानी हुने भएकाले व्यावसायिक रूपमा काजु खेती गराउन बिरुवा उत्पादन गरी विक्री गर्न थालेको उनको भनाइ छ ।

सामुन्द्रिक सतहबाट १ हजार ६ सय मिटरसम्मको उचाइमा काजुको खेती गर्न सकिन्छ । काजुको बिरुवा १० फुट भन्दा अग्लो हुन्छ । हाल वार्षिक ५ सयभन्दा बढी बिरुवा उत्पादन गर्दै आएका पोखेलले स्थानीय क्षेत्रमा ७५ रुपियाँको दरले बिक्री वितरण गर्दै आएका छन् । नर्सरीबाट झापा, मोरङ र सुनसरीसम्म बिरुवा बिक्री भएपछि पोखेलको मुहारमा खुसी छाएको छ । बिरुवाको माग पहाडी जिल्ला तेह्रथुमसम्म हुन थालेको छ । बिरुवा उत्पादन थालेको पहिलो वर्ष नै उर्लाबारी नगरपालिका कृषि शाखाले १ सय ५० जति बिरुवा किसानलाई बाँडेर फल उत्पादन हुन थालेको छ । उब्जनी नदिने रुक्खो जमिनमा अन्य काठका बिरुवाको स्थानमा काजुको बिरुवा लगाएमा मनग्य आम्दानी हुने देखिन्छ । वर-पीपलजस्तै ठुलो झाँगिने भएकाले ५० केजीसम्म फल्ने पोखेलले आशा लिएका छन् । पोखेलको नर्सरीमा एउटा बोटबाट वार्षिक १५ देखि २० केजीसम्म काजु फल्न थालेको छ । व्यावसायिक रूपमा काजुको खेती गर्ने हो भने जागिर खानु र विदेश जानु नपर्ने पोखेलको भनाइ छ ।

पथरी शनिश्चरे नगरमा नयाँ कृषिखेती सुरु भएको कृषि शाखा प्रमुख सविना राईले बताइन् । नगरमा काजु, अङ्गुर र ड्रागन खेती सुरु भएको र यसबाट कृषकलाई राम्रो आम्दानी भएको राईको भनाइ छ । नगरले कृषकलाई प्रोत्साहन गर्न एक वडा एक उत्पादन कार्यक्रमसँगै कृषकको मागमा आधारित कार्यक्रम ल्याएको राईले बताइन् । नेपालमा भारत र भियतनामबाट काजु आयात हुने गरेको छ । आर्थिक वर्ष २०८०-८१ को पहिलो महिना साउनमा पाँच करोड ८२ लाख ३२ हजार रुपियाँ बराबरको काजु नेपाल भित्रिएको थियो । बजारमा पाइने भारतीय काजुभन्दा नेपालमा आफैँले उत्पादन गरेको ठुलो रकम बाहिरिनबाट रोकिन्छ । भारतमा मात्र व्यावसायिक रूपमा उत्पादन हुँदै आएको काजुका बारेमा नेपालमा अध्ययन भएमा आम्दानी र रोजगारी बढ्ने देखिन्छ । काजु स्वास्थ्यवर्द्धक, पोषिलो र तागतिलो हुने भएकाले यसको बजारमा राम्रो माग रहेको छ । काजु प्रतिकेजी १ हजार ६ सयदेखि २ हजारसम्म बिक्री हुने गरेको छ । यसको बाहिरी फल पनि वाइन बनाउन केजीको ११ सयका दरले बिक्री हुने गरेको छ ।

# साउन १ देखि बीएण्डसी र ओम साईमा बीमा

बिर्तामोड(प्रस) । बीएण्डसी हस्पिटलले साउन १ गतेदेखि स्वास्थ्य बीमा कार्यक्रम लागू गर्ने भएको छ ।
बीएण्डसी हस्पिटलले आइतवार पत्रकार सम्मेलन आयोजना गरेर साउन १ गतेदेखि स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्ने जानकारी दिएको हो ।
हस्पिटलका जनसम्पर्क अधिकारी प्रमिश गिरीले साउन १ गतेदेखि स्वास्थ्य बीमा कार्यक्रम लागू गर्ने बताए । विरामीहरूले स्वास्थ्य बीमा सेवा लिन आउँदा सम्बन्धित स्थानीय तहको स्वास्थ्य केन्द्रबाट सिफारिस समेत ल्याउनु पर्ने उनको भनाई छ ।
गिरीका अनुसार विरामीको उपचारमा गुणस्तरीय र झन्झटरहित सेवा दिने पहिलो प्राथमिकता रहने छ ।हस्पिटलले १० वटा काउन्टरबाट उक्त सेवा प्रदान गर्ने बताएको छ । पूर्वाञ्चल क्यान्सर अस्पतालका प्रमुख डा. विरेन्द्रकुमार यादवले नेपालका जुनसुकै हस्पिटलमा हुन सक्ने सेवा यहाँ पनि उपलब्ध हुने बताए ।
त्यस्तै भद्रपुरस्थित ओमसाई पाथिभरा






अस्पतालमा शुरू भएको आँखा उपचार सेवामा पनि विमा कार्यक्रम लागु हुने भएको छ ।
अस्पतालको मागबमोजिम राष्ट्रिय विमा बोर्डले यही असार २४ गते गरेको निर्णय अनुसार साउन १ गतेबाट आँखा उपचारमा पनि विमा सेवा शुरू हुने भएको हो ।
अस्पतालले पछिल्लो पटक थपेको आँखा उपचार सेवाका लागि दक्ष विशेषज्ञ टोलीसहितको सेवा प्रवाह गर्न थालेपनि विमा सेवा नहुँदा विरामी अन्यत्रै जान बाध्य थिए ।

# कोशी नदीले बगाउँदा किशोरी बेपत्ता



झापा(प्रस) । कोशी नदीले बगाउँदा एक किशोरी बेपत्ता भएकी छन् । आइतवार दिउँसो अन्दाजी २:३० बजेको समयमा सुनसरीको बराहक्षेत्र -६ बोरा बाँधस्थित कोशी नदीमा बराहक्षेत्र एक्राही बस्ने बर्ष अन्दाजी १५ की मनिषा नेपाली हात-खुट्टा धुन जाने क्रममा चिप्लेर कोशी नदीमा खसेकी थिइन् । नदीले बगाई बेपत्ता किशोरीको खोजतलास भइरहेको प्रहरीले जनाएको छ ।

# बिर्तामोड नगरपालिकाद्वारा सिलाई मेसिन वितरण

बिर्तामोड(प्रस) । झापाको बिर्तामोड नगरपालिकाले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमअन्तर्गत सिलाई मेसिन वितरण गरेको छ ।नगरपालिकाको कार्यालयमा संक्षिप्त कार्यक्रमको आयोजना गर्दै ८ जना उद्यमशील महिलालाई सिलाई मेसिन र २ वटा समूहलाई ईलेक्ट्रोनिक मेसिन वितरण गरिएको हो ।
इलेक्ट्रोनिक मेसिन प्राप्त गर्ने बिर्तामोड २ को लालीगुराँस लघुउद्यमी समूह र सृजनशील लघुउद्यमी समूह रहेको उद्यम विकास शाखा प्रमुख चनिमाया तामाङले जानकारी दिइन् । तामाङका अनुसार सिलाई मेसिन प्राप्त गर्ने वडा नम्बर ७ का ५ जना, ४ का १ जना, १ को १ जना र ३ को १ जना महिला रहेका



छन् ।
कार्यक्रममा बोल्दै नगर प्रमुख पवित्रा महतारा प्रसाईले स्वरोजगार बन्नका लागि नगरले प्रदान गरेको मेसिन सदुपयोग गर्न आग्रह गरिन् । उनले यसअघि बाँडिएका विभिन्न प्रकारका प्रविधिको उपयोग भइरहेको छ कि छैन भन्ने कुराको अनुगमन गर्ने पनि बताइन् । नगर प्रमुख प्रसाईले उद्योग स्थापना गर्न नसक्नेले पनि सिपलाई रोजगारसंग, रोजगारीलाई उत्पादनसंग र उत्पादनलाई बजारसंग जोडेर जिविकोपार्जन गर्न सक्ने बताइन् । नगरपालिकाले लघुउद्यमी बन्नका लागि सिपमुलक तालिम प्रदान गरेर प्रविधि हस्तान्तरण गर्दै आएको छ ।

आर्थिक विकास समिति संयोजक संगिता शिवाको अध्यक्षतामा आयोजित प्रविधि हस्तान्तरण कार्यक्रममा नगर प्रमुख पवित्रा महतारा प्रसाई, कार्यपालिका सदस्य तिला गौतम, निमित्त प्रमुख प्रशासकीय अधिकृत तिलचन भण्डारी, वरिष्ठ कार्यक्रम अधिकृत जय तिम्सिना, न्यूटन्स एजुकेशन एकेडेमीका प्रिन्सिपल देवेन्द्र हुमागाईंलगायतको उपस्थिति रहेको थियो ।

# जामुनवारी र प्रजापति वनमा बृहत् वृक्षरोपण

झापा(प्रस) । झापाको कनकाई नगरपालिका वडा नं १ र २ मा रहेका जामुनवारी र प्रजापति सामुदायिक वनमा बृहत् वृक्षरोपण गरिएको छ ।
लायन्स क्लव अफ कनकाई दुर्गापुरको आयोजनामा त्यहाँका दुईवटा सामुदायिक वनमा बृहत वृक्षरोपण गरिएको हो । लायन्स क्लव अफ कनकाई दुर्गापुरका अध्यक्ष तिलचन रिजालको अध्यक्षतामा भएको बृहत वृक्षरोपणको शुभारम्भ कोशी प्रदेशका पूर्व मुख्यमन्त्री केदार कार्कीले गरे । कार्यक्रममा कनकाई नगरपालिकाका



प्रमुख राजेन्द्रकुमार पोखरेल, लायन्स क्लव अफ इन्टरनेशनल डिस्ट्रिक फस्ट गभर्नर बबरजंग थापा, जामुनवारी सामुदायिक वन समूहका अध्यक्ष परशुराम गिरीलगायतको उपस्थिति रहेको थियो । वन क्षेत्रको खाली ठाउँहरुमा विभिन्न किसिमका वनस्पति र फलफुलका बिरुवा रोपिएको जनाइएको छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा




सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन


अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3, BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । महिला वा मित्रबाट विशेष सहयोग

**वृष** आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने छ ।

**मिथुन** अधुरो या नयाँ कार्यको थालनी पनि हुनेछ । आर्थिक कारोबार भने कमजोर रहनसक्छ

**कर्कट** मालसामान हराउन सक्छ । सानातिना समस्यामा अल्झनुपर्नेछ ।

**सिंह** । रोकिएको धन हात पर्ला क्रोध, प्रतिशोध, रिसराग र उत्तेजना नियन्त्रण गर्नु राम्रो हुनेछ ।

**कन्या** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ । शुभचिन्तकहरूको सुझाव बेवास्ता गर्दा दुःख

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर बढ्न सक्छ ।

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । पारिवारिक साथ सहयोग मिल्ने